# पौवादुङमा गाउँपालिका
## गाउँपालिकाको कार्यालय,
### च्याङ्ग्रे, भोजपुर

प.सं. :– २०७४/७५
च. नं. :– ५२१

१ नं. प्रदेश नेपाल
मितिः २०७५।१।१९

**ईच्छुक सेवा प्रदायक संस्थाहरुवाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरिएको सुचना**

(प्रथम पटक प्रकासित मितिः २०७५//१/१९)

१. आर्थिक वर्ष २०७४/७५ को स्विकृत कार्यक्रम वाट यस पौवादुङ्गमा गाउँपालिकाको सवै वडाको घर नंवर व्यवस्थापन, पार्वचित्र तयारी तथा एकिकृत संपति कर व्वस्थापन गर्नघरपरिवारतहवाटै सुचना तथा तथ्यांक संकलन गर्नु पर्ने भएकोले ईच्छुक सेवा प्रदायक संस्था, गैसस तथा ईन्जिनियरिङ्ग कन्सलटेन्सी फर्महरुवाट संस्थाको कार्यानुभव सहित जनशक्तिको हालसालैको व्याक्तिगत विवरण, कार्यानुभवसलग्न राखी आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न यो सुचना प्रकासित गरिएकोछ।

२.सेवा प्रदायक संस्थाहरुवाट मु.अ.करमा दर्ता भै गत आ.व. २०७३/७४ को कर चुक्ता गरेको प्रमाणपत्र, संस्था नविकरण गरेको, समाज कल्याण वा उद्योग वाणिज्य संघमा आवदता भएको, लेखापरीक्षण प्रतिवेदन समेत संपन्न गरेको प्रमाण–पत्रको प्रतिलिपिका साथ गाउँपालिकाको कार्यालयवाट रु १०००। को वैक भौचर वा नगदी रसिद काटेर कार्यक्षेत्रगत शर्त TOR खरिद गर्नु पर्नेछ तर वेवसाईट वाट कार्यक्षेत्रगत शर्त डाउनलोड गरेर प्रस्ताव पेश गर्ने हो भने दर्ता अगावै कार्यक्षेत्रगत शर्त खरिद गर्नुपर्नेछ, कार्यक्षेत्रगत शर्त खरीद नगरेको प्रस्ताव मान्य हुने छैन ।

३. आ.व. २०७४/७५ भित्र संपुर्ण कार्यक्रम संपन्न गर्नु पर्नेछ र यस कार्यक्रमको कुल वजेट वाह् लाख कर सहित रहेकोछ।

४. ईमेल वाट प्राप्त भएको प्रस्तवालाई मान्यता दिईनेछैन ।

५. छनौट प्रकृया संवन्धि विस्तृत जानकारीTORमा उल्लेख गरिएकोछ ।

६.TOR पौवा दुङ्गमा गाउँपालिकाको वेव साईटwebsite : www.pauwadungmamun.gov.npवाट डाउनलोड गर्न सकिनेछ ।

७. ईच्छुक सेवा प्रादयक संस्थाको प्राविधिक प्रस्तावको मुल्याकनमा न्यूनतम ४० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ, सो अंकभार प्राप्त गर्न नसक्ने परामर्शदाताको आर्थिक प्रस्ताव खोलिनेछैन ।

८. प्रस्तावदाताले आर्थिक र प्राविधिक प्रस्ताव छुट्टा छुट्टै खाममा खामवन्दी गरेर सो दुवैलाई एक खामवन्दी भित्र समावेश गरेर प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

९. यो सुचना प्रकासित भएको मितिले १५ दिनको कार्यालय समयभित्र यसै कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

१०. दर्ता भएको प्रस्ताव १६ औ दिनको १ वजे कार्यालयमा खोलिनेछ । प्रस्तावखोल्न सेवा प्रदायक संस्थालाई अतिरिक्त सुचना वा निमन्त्रणा गरिनेछैन, सेवा प्रदायक संस्थाको प्रतिनिधी उपस्थित नभएपनि प्रस्ताव खोल्न र मुल्यांकन गर्न वाधा पर्ने छैन । यस सुचनामा नपरेका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ, सो ऐन तथा नियमावलिमा समावेश नभएको विषयवस्तु भएमा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

११. यस सुचना अनुसार पेश भएको प्रस्तावको स्विकृत गर्ने वा नगर्ने, वा आशिक वा पुर्ण स्विकृत गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकाको कार्यालयमा सिमित हुनेछ ।

थप जानकारीका लागि
संपर्कःप्रमुख प्रशासकिय अधिकृत फोन नंवर ९८१२३२८५२०
**शाखा अधिकृतः ९७६२१२५८२६**
**योजना शाखाः ९८०५३३८९२४**
website : www.pauwadungmamun.gov.npमा हेर्न सकिनेछ ।

..............................
शालिकराम भट्टराई
प्रमुख प्रशासकिय अधिकृत